नौबहिनी गाउपलिका

गाउँकार्यपालिको कार्यालय बहाने

प्युठान ।

आ.व २०७४/०७५ तेस्रो चौमासिक प्रतिवेदन ।

पेश गरेको निकाय

नौबहिनी गा.पा. गाउँकार्यपालिकाको कार्यालय

प्रस्तुत कर्ता

थानेश्वर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

## १) पृष्ठभुमि ( **Background**)

नेपालको संविधान अनुसार देशमा तीन तहका सरकार सहितको संघियता कार्यान्वयनमा रहेको छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संविधान बमोजिम आ-आफ्नो कार्य गरिरहेका छन् । नेपालको संविधानको अनुसुचि ८ मा २२ वटा अधिकारका सुची स्थानीय सरकारलाई एकल रुपमा प्रयोग गर्ने गरी पर्द्धत  गरिएको छ । साथै साझा अधिकारका सुचीमा समेत स्थानीय सरकारको उल्लेखनीय सहभागितामा कार्य भईरहेको छ । देशका ७५३ स्थानीय तह मध्ये  ५ नं . प्रदेशमा पर्ने प्यूठान जिल्ला अर्न्तगतको नौवहिनी गाउँपालिका पनि एक शसक्त स्थानीय सरकार हो ।

साविकका लङ्ग, खवाङ्ग, डामृ, स्याउलिवाङ्ग, फोप्ली र लिघा गाविसहरु समाहित गरी बनाईएको यस गाउँपालिका ८ वटा वडामा विभाजन गरिएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन , २०७४ एवँ संघीय क्षेत्रगत अन्य कानुनहरुको अधिनमा रही कार्य सञ्चालन भईरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन , २०७४ मा भएको व्यवस्था अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाबाट भएको कार्यक्रम एवँ क्रियाकलापहरुको चौमासिक प्रगती विवरण सम्मानित गाउँ कार्यपालिका समक्ष प्रस्तुत गर्ने प्रावधान रहेको छ । साथै तेस्रो चौमासिकको अवधि आर्थिक वर्षको अन्त्य सम्मको समयमा पर्ने भएकाले यस आर्थिक वर्ष २०७४/०७५ को सम्पुर्ण विवरण पनि यसै प्रतिवेदनमा समाविष्ट गरी प्रस्तुत गरिएको छ ।

## २) उदेश्यहरु(**Objectives**)

यस आर्थिक वर्षको तेस्रो चौमासिक प्रतिवेदनका मुख्य मुख्य उदेश्यहरु बुदाँगतरुमा यस प्रकार प्रस्तुत गरिएको छ ।

- यस अवधिमा भएको कार्यालयको विविध गतिविधीहरुको बारेमा स्पष्ट पार्ने ।
- गाउँपालिकाबाट भएका विकासात्मक गतिविधीहरुको बारेमा जानकारी प्रस्तुत गर्ने ।
- यस अवधिमा भएका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको खर्चको विवरण यकिन गर्ने ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट भएका सार्वजनिक सेवा प्रवाहका विविध पक्षको विषयमा जानकारी गराउने ।
- कर्मचारी प्रशासन तथा कार्यालय व्यवस्थापनका विविध विषयमा भएका गतिविधीहरुको विषयमा जानकारी गराउने ।
- कार्यालय सञ्चालन एँव विकास व्यवस्थापनको सिलसिलामा देखिएका समस्याहरुको यकिन गरी समाधानका उपायहरु पत्ता लगाउने ।
- गाउँपालिकाको गतिविधीहरुलाई पारदर्शी, मितव्यायी एंव नागरिक मैत्री बनाउन आवश्यक रणनीति तय गर्ने ।

**३) प्रतिवेदनमा समेटिएका पक्षहरु :**

यस प्रतिवेदनमा गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुसगँ सम्बन्धित विभिन्न विषयहरुलाई छुट्टाछुट्टै शिर्षकमा राखी प्रस्तुत गरिएको छ ।

**क) आर्थिक प्रशासनसगँ सम्बन्धित विषयहरुः**

यस आ.व.मा यस गाउँपालिकाको गाउँ सभाबाट कुल ३२ करोड ९३ लाख ४१ हजार ३ सय ७३ रुपैयाँ ७५ पैसाको बजेट विनियोजन भएको देखिन्छ। यस अनुसार तेस्रो चौमासिकको व्यायभार रु १० करोड ९७ लाख ८० हजार ४ सय ५७ रुपैयाँ ९२ पैसा पर्ने देखिन्छ। यद्यपी विविध कारणले व्ययभार भन्दा धेरै खर्च यसै चौमासिकमा भएको देखिन्छ। आर्थिक प्रशासनसगँ सम्बन्धित विषयलाई आय र व्ययको आधारमा यस चौमासिकको मात्र नभई पुरै आर्थिक वर्षको यस प्रकार प्रस्तुत गर्न सकिन्छ।

**अ) आयको विवरण :**

लेखा शाखाबाट प्राप्त प्रतिवेदनका आधारमा यस आ. व. भरीमा यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भएको एकमुष्ट आयको विवरण यस प्रकार उल्लेख गर्न सकिन्छ।

**नौबहिनी गाउपालिकामा आर्थिक वर्ष २०७४।०७५ मा भएको आन्तरिक राजश्वको आम्दानी विविरण ।**

| गा.पा. । वडा कार्यालय | मालपोत कर | घर कर | दण्ड जरिवाना ( पन्जिकरण) | व्यवसाय तथा समूह दर्ता शूल्क | व्यवसाय कर | सिफारिस तथा सम्झौता दस्तुर | अन्य आय | टेन्डर फर्म | बाहाल विटौलि कर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०६०२५ | २०५३० | ४९०४० | ० | २८३०० | ४२६२५ | १००९० | ० | ० | २५६६४१ | |
| २ | ५६०७९ | १८९८५ | २१४०० | ० | ३४००० | ५९१०० | ४८२० | ० | ० | १९४३८४ | |
| ३ | ६९३३२।१ | २१५६५ | २२०४० | ० | ० | ६२६३० | ० | ० | ० | १७५५६७।१२ | |
| ४ | ७७५४४।१ | २२००५ | २५०२० | ० | ० | ७४२२० | ० | ० | ० | १९८७८९।०७ | |
| ५ | ९०६२८।६ | ७६२०७ | ४३४५० | ० | ० | ८९२५० | ४१८० | ० | ७५० | ३०४४६५।०६ | |
| ६ | ७४८३९ | ९७४३५ | ४९८१० | ० | ३५९०० | १४७२४५ | ० | ० | ० | ४०५२२९ | |
| ७ | १२७२४८ | ५३१८० | ५२७५० | ० | ५००० | ४५६५० | ३२८३१ | ० | ० | ३१६६५९ | |
| ८ | ११४९१३ | ६५८५० | ५६१०० | ३४३०० | ० | ८९१०० | ३८८५ | ० | ० | ३६४१४८ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गा. पा | ० | १३०० | ० | ६९००० | १२५०० | ३६२०० | ९५० | १६००० | ० | १३५९५० | |
| जम्मा | ७१६६०९ | ३७७०५७ | ३१९६१० | १०३३०० | ११५७०० | ६४६०५० | ५६७५६ | १६००० | ७५० | २३५१८३२.२५ | |

## आ) व्ययको विवरणः

गाउ कार्यपालिकाको कार्यालय

बाहाने प्यूठान

आ.व.२०७४।०७५

वजेट उपशिर्षक नं: चालू । पूजिगत

आ.व .२०७४।०७५ को फछ्र्यौट गर्न वााकी पेश्कीको विवरण

| पेश्की मिति | पद | पेश्की लिनेको नाम | वजेट रकम नं. | पेश्की वांकी रकम | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पदाधिकारी। कर्मचारी | | ठेकेदार ।व्यक्तीगत | | | | |
| | | | | चालु आ.व.को | गत आ.व.सम्म को | चालु आ.व.को | | | गत आ.व. सम्मको | |
| | | | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | |
| २०७४।०५।०४ | वडा अध्यक्ष | माधव सिह के.सी | | | | | | | | १२००००।०० |
| २०७४।०८।२९ | अध्यक्ष | गुप्त बहादुर के.सी | | | | | | | | १००००००।०० |
| २०७५।०३।२९ | अ.हे.व | नेत्र बहादुर घर्ति | | | | | | | | २०००००।०० |
| २०७५।०३।२९ | कोषध्यक्ष | पत्रकार महासंघ श्रीराम भण्डारी | | | | | | | | ९००००।०० |
| जम्मा | | | | | | | | | | १४१००००।०० |

नोट : माधब सिह के.सी र गुप्त बहादुर के.सी लाई साविक गा.वि.सको क्रमागत कार्यक्रम बाट, नेत्र बहादुर घर्तिलाई विपद व्यवस्थापन कोष बाट र पत्रकार महासंघलाइ थप विनियोजित बजेट पेश्की रकम भुक्तान भएको ।

आ.व. २०७४/०७५

पूजिगत खर्च

असार महिनाको खर्चको फाटबारी

व.उ.शिं.न

चालु/पुजिगत

| यस महिनाको खर्च | यस महिना सम्मको निकासा | वजेट रकम नं. | वजेट रकम | वार्षिक वजेट रकम | रकमान्तर भई बढे।घटेको रकम | अन्तिम जम्मा बजेट | यस महिना सम्मको खर्च | रकमान्तर हूदा | वजेट वाकी |
|---|---|---|---|---|---|---|---|---|---|
| ५५१०९३७ | १२२५७६०४ | २.३.१ | आर्थिक विकास | १६२१२००० | ० | १६२१२००० | १२२५७६०४ | | ३९५४३९६ |
| ५६२९९३६८।०० | १०७०३२७६३ | २.३.२ | पूर्वाधार विकास | १११३३५०००।०० | ७०१७७९।६३ | ११०६३३२२०।३७ | १०७०३२७६३ | घटाएको | ३६००४५७।३७ |
| १९२०६४१०।२० | ३२३४९१०३।६३ | २.३.३ | सामाजिक विकास | २९३२८०००।०० | ३०२११०३।६३ | ३२३४९१०३।६ | ३२३४९१०३।६ | बढाएको | ० |
| ५०४४९२०।०० | १०१४०६७६।०० | २.३.४ | वातावरण तथा विपद व्यवस्थापन | ९४६००००।०० | ६८०६७६ | १०१४०६७६ | १०१४०६७६ | बढाएको | ० |
| ७८३७५२।६० | ४०४४८३१।०० | २.३.५ | संस्थागत विकास तथा सेवा प्रबाह | ११२०००००।०० | ३०००००० | ८२०००००।०० | ४०४४८३१ | घटाएको | ४१५५१६९ |
| ०।०० | १७५७८०।०० | २.३.६ | वित्तिय व्यवस्थापन तथा सूशासन | ८४००००।०० | ० | ८४०००० | १७५७८० | | ६६४२२० |
| ८६८४५३८७।८० | १६६०००७५७।६३ | | जम्मा : | १७८३७५०००।०० | ७४०३५५९।२६ | १७८३७५०००।०० | १६६०००७५७।६३ | | १२३७४२४२।३७ |

जम्मा निकासा : १६६०००७५७।६३

जम्मा खर्च : १६६०००७५७।६३

पेश्की : ०।००

पेश्की बाहेक खर्च : १६६०००७५७।६३

तयार गर्नेको सहिः

दर्जा :

मिति :

सदर गर्नेको सहिः

दर्जा :

मिति :

श्री सम्मानिनय कार्यापालिका समक्ष म आ.व. २०७४।०७५ को आर्थिक प्रगति विवरण पेश गर्ने अनूमति चाहान्छु। आ.व २०७४।०७५ मा नौबहिनी गाउकार्यपलिकाबाट संचालन भएको विभिन्न विषय गत तथा क्षेत्रगत कार्यक्रम खर्च तथा आय विवरण र त्यसमा भएको वित्तिय प्रगतिको सारांश यस प्रकार रहेको छ ।

| क्र.स. | खर्च विषय ।क्षेत्र | अख्तियारी । विनियोजित रकम रू. | को.ले.नि.का.बाट माग भएको | खर्च रकम | को.ले.नि.का.मा फिर्ता भएको रकम | को.ल.नि.का. बाट माग नभएको रकम रू | बाकि रकम | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालू खर्च । | ३७९७३४०० | सवै | २९५५०९१२।२ | फिर्ता गर्नू नपर्ने | ० | ८४२२४८७।८ | ७७। ८२ | |
| २ | सामाजिक सूरक्षा भत्ता | ४३६२३००० | ४३३४२००० | ४१२८६२०० | २०५५८०० | २८१००० | ० | ९४।६ ५ | |
| ३ | सशर्त अनूदान शिक्षा | ७७२९७००० | ७७२९७००० | ७७२९७००० | ० | ० | ० | १०० | |
| ४ | सशर्त अनूदान स्वास्य | १३६३७००० | १३६३७००० | ११९१३८९२ | १७२३१०८ | ० | ० | ८७।३ ७ | |
| ५ | सशर्त अनुदान कृषि | ८९०००० | ८९०००० | ८८७१३० | २८७० | ० | ० | ९९।६ ८ | |
| ६ | सशर्त अनुदान पशू सेवा | ८८७००० | ८८७००० | ८८७००० | ० | ० | ० | १०० | |
| ७ | एल.जि.सि.डि.पी कार्यक्रम । | १०७७००० | १०७३५०० | ९७३५०० | १००००० | ३५०० | ० | ९०।३ ९ | |
| ८ | आर.सि.आइ. डव्लू कार्यक्रम | ७२००००० | ७२००००० | ७२००००० | ० | ० | ० | १०० | |
| ९ | सशर्त अनुदान आयूर्वेद | २०४७००० | २०४७००० | १८५२२७७ | १९४७२३ | ० | ० | ९०।४ ९ | |
| १० | गरिव संघविशेश्वर | ८५८००० | ४३५९०० | ४३५९०० | ० | ४२२१०० | ० | ५०।८ १ | |
| ११ | पश्चिम नेपाल खानेपानी तथा सरससफाई कार्यक्रम | २१००००० | ११८०७०२।५ | १२००९७४।११ | ० | ९१९२९७।५ | ६९०००० | ५७।१ ९ | बाकी रकम गा.पाको मुल स.चि त खातामा दाखिला भएको |
| | विभिन्न योजनाको निमित्त : | | | | | | | | |
| १ | पूजिगत खर्च ( कन्टीजेन्सी कट्टी भएको समेत) | १८६३८९००० | सवै | १७४१५९३१७ | फिर्ता गर्नू नपर्ने | ० | १२२२९६८३ | ९३।४ ४ | |

विभिन्न कोषहरूको अवस्था

| क्र.स. | खर्च विषय ।क्षेत्र | अख्तियारी । विनियोजित रकम रू. | को.ले.नि.का.बाट माग भएको | खर्च रकम | को.ले.नि.का.मा फिर्ता भएको रकम | को.ल.नि.का. बाट माग नभएको रकम रू | बाकि रकम | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय धरौटी खाता | १००००० | ० | ० | ० | ० | १००००० | | |
| २ | कर्मचरी कल्यान कारीकोष | १००००० | ० | ० | ० | ० | १००००० | | |
| ३ | मर्मत तथा सम्भार कोष | १०००००० | ० | ० | ० | ० | १०००००० | | |
| ४ | प्रकोप व्यवस्थापन कोष | १७०४००० | ० | १२७५००० | ० | ० | ४२९००० | | |
| ५ | मानव संसाधन विकास कोष | ५०००० | ० | ० | ० | ० | ५०००० | | |
| ६ | वातावरण विकास कोष | ५०००० | ० | ० | ० | ० | ५०००० | | |
| ७ | गरिवी निवारण तथा सामजिक परिचालन कोष | ५०००० | ० | ० | ० | ० | ५०००० | | |
| ८ | महिला तथा बालविकास कोष खाता | १९३३७३ | ० | ० | ० | ० | १९३३७३ | | |
| ९ | स्थानीय विकास कोष कार्यक्रम संचालन कोष खाता | ५०००० | ० | ० | ० | ० | ५०००० | | |
| १० | लघूवित्त खाता | ५०००० | ० | ० | ० | ० | ५०००० | | |
| १२ | समपूरक कोष | ५२०५००० | ० | ५२०५००० | ० | ० | ० | | रकमा्‌ नतर गरृको |
| १३ | साविक गा.वि.स.का क्रमागत कार्यक्रम | ४८०००००० | ० | २५९४४८४ | ० | ० | २२०५५१६ | | |

नोटः लेखा शाखाबाट प्राप्त विबरण प्रारम्भिक प्रतिवेदनको आधारमामात्र तयार गरिएको छ। अन्तिम आर्थिक विवरण आय पछि यसमा भएका आय व्ययको विवरणमा थपघट हुनसक्नेछ।

**ख) योजना तथा प्राविधिक शाखासगँ सम्बन्धित विषयहरुः**

यस आ.व.मा तर्जुमा गरिएको सबै जसो योजनाहरुका कार्यान्वयन एवं भुक्तानी र फरफारक यसै चौमासिकमा भएको देखिन्छ । गाउँपालिकाको निर्णय अनुसार रु १० लाख भन्दा साना योजनाहरुको अनुगमन र नियन्त्रण वडा कार्यालय एंव वडा स्तरीय अनुगमन तथा सुपेरिबेक्षण समितिबाट गरिएको छ र सो रकम भन्दा बढीका योजनाको अनुगमन गाउँपलिका स्तरीय योजना अनुगमन तथा सुपेरिवेक्षण समितिबाट गरिएको छ । विनियोजित गरिएको योजनाहरुको करिब ९५ प्रतिशत भन्दा बढी योजनाहरुको कार्यान्वयन र भुक्तानी भएको योजना शाखा एंव प्राविधिक शाखाबाट प्राप्त रिर्पोटका आधारमा प्रस्तुत गर्न सकिन्छ । योजना सम्बन्धि विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

**ग) कर्मचारी व्यवस्थापनसगँ सम्बन्धित विषयहरुः**

यस नौवहिनी गाउँपालिकाको प्रमुख समस्याको रुपमा कर्मचारी परिपुर्ति र परिचालनलाई लिन सकिन्छ । गाउँपालिकाको लागि आवश्यक प्रशासनिक कर्मचारी संघीय सरकारले निजामती सेवाबाट व्यवस्थापन गर्ने भएकाले कुनै पनि पदमा कर्मचारी कार्यरत रहेको पाउन सकिएको छैन । कतिपय प्राविधिक कर्मचारी भने कार्यालयबाटै नियुक्ति गरी परिचालन गरिएको छ । कर्मचारी प्रशासनका आगमन र वर्हिगमन सगँ सम्बन्धित विषयलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

**अ) आगमन तर्फका कर्मचारीहरुः**

| सि.न. | कर्मचारीको नाम | पद | नियुक्ति मिति | नियुक्ति गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण के.सी | ईन्जिनियर | २०७४।१२।१३ | गाउँपालिका | करार सम्झौता |
| २ | महेन्द्र बहादुर वि.सी | सव-ईन्जिनियर | २०७४।१२।१३ | गाउँपालिका | करार सम्झौता |
| ३ | टकं बहादुर पुन | लेखापाल | २०७५।०१।०९ | संघीय निजामति सेवा | स्थायी |
| ४ | मनिस सुनार | सह-लेखापाल | २०७५।३।१० | संघीय निजामति सेवा | स्थायी |

**आ) बर्हिगमन तर्फका कर्मचारीहरुः**

| सि.न. | कर्मचारीको नाम | पद | गएको मिति | जनो प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|
| १ | धर्म डि.सी | लेखापाल | २०७५।१।१२ | काज सरुवा | स्थायी |
| २ | ओखाराम तारम मगर | ना.सु | २०७५।०३।०७ | काज सरुवा | स्थायी |
| ३ | सम्झना दलामी | स.म.वि.नि. | २०७५।०३।०३ | काज सरुवा | स्थायी |
| ४ | कलशा शर्मा | ना.सु | २०७५।४।०१ | काज सरुवा | स्थायी |

यस प्रकार, प्रशासनिक कर्मचारीहरुको सरुवा भएको पाईयो । यस कारणले पनि न्यूनता व्यापक रुपमा रहेको छ । प्रत्येक वडा मा वडा सचिव प्रशासन सेवाका कर्मचारी नभएको ले निजामति सेवाका अन्य प्राविधिक कर्मचारीलाई समेत एक भन्दा बढी वडा सचिवको जिम्मेवारी दिई निकै असहज रुपमा वडा सचिवको व्यवस्थापन गरिएको छ ।

### घ) कार्यालय व्यवस्थापनसगँ सम्बन्धित विषयहरुः

गाउँकार्यपालिको कार्यालयलाई सूचना प्रविधि मैत्री एंव पारदर्शी बनाउनको लागि कर्मचारीको कार्यकक्ष परिमार्जन गर्ने देखि नयाँ जिम्मेवारी तोक्ने सम्मको कार्य गरियो । यस सर्न्दभमा गाउँपालिकामा नागरिक वडापत्रको सुरुवात, डिजिटल नागरिक बडापत्र जडान, सूचना पार्टी स्थापना, राष्ट्रिय झन्डा स्थल निर्माण र झन्डोत्तलन, सेवाग्राही विश्राम कक्ष एंव पार्किगं स्थल निर्माण, सूचना अधिकारीको व्यवस्था जस्ता कार्यालय व्यवस्थापनसगँ सम्बन्धित विविध पक्षमा सुधार एंव लागु गरियो । गाउँ सभाको बैठक सञ्चालन तथा कार्यपालिकाको बैठक नियमित गरी गाउँपालिकालाई आवश्यक विभिन्न १९ वटा भन्दा कानुनहरु निर्माणमा सहजिकरण गरियो । सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गरी जनताका आवश्यकता परिपुर्तिमा जोड दिईयो । त्यसैगरी सभा र कार्यपालिकाको बैठकको निर्णयहरु सुरक्षित रुपमा अभिलेखिकरण गरी वडा कार्यालयहरु एंव सरोकारबलाहरु समक्ष पठाईयो । र त्यसलाई गाउँपालिकाको वेवसाईड मार्फत सबैलाई सुसुचित गरियो ।

कर्मचारी एंव फाटँबाट हुने कामहरुलाई नियमित एंव पारदर्शी बनाउन गाउँपालिकामा सि.सि. क्यामरा जडान गरियो । त्यसैगरी वडा कार्यालयहरुलाई मागको आधारमा कार्यालय सञ्चालन र व्यवस्थापनसगँ सम्बन्धित सामाग्रीहरु प्रदान गरी सुविधायुक्त वडा कार्यालय निर्माणको अभियानको थालनी भयो ।

केन्द्रिय एंव प्रादेशिक सरकार एंव तालुक निकायहरुबाट माग गरिएका सूचना एंव पेश गरिएका आदेशहरु सम्प्रेषण तथा कार्यान्वयन गरी क्षितीजिय र समतलिय सम्बन्ध कायम गरिएको छ ।

### ४) मुख्य-मुख्य उपलब्धिहरुः

- कार्यालयको आय र व्ययको स्पष्ट जानकारी प्राप्त भएको छ ।
- गाउँपालिका तथा वडा समितिबाट विनियोजन गरिएका योजनाहरुको प्रभावकारी रुपमा कार्यान्वयन भएको छ ।
- वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयलाई आवश्यक सामाग्रीयूक्त र प्रविधि तथा जिम्मेवारीयुक्त बनाईएको छ ।
- नागरिकमैत्री, सुशासनयूक्त, पारदर्शी एंव जवाफदेही सार्वजनिक सेवा प्रवाह भएको छ ।
- सरकारी संगठनसँगको समतलीय र क्षितिजिय सम्बन्ध कायम भएको छ ।
- निर्धारित समायाबधि भित्रै योजनाहरुको कार्यान्वयन भएका छन् ।
- न्युन जनशक्तिका बाबजुत पनि निर्धारित समयमा नै कार्य सम्पादन गर्न सकिएको छ ।

- जनप्रतिनिधीहरु र कर्मचारीहरुकाबीचमा सुमधुर एंव उदेश्य उन्मुख सम्बन्धको विकास भएको छ ।

**५) मुख्य-मुख्य समस्याहरुः**

यस चौमासिक अबधि एंव यस आ.व. भरिका मुख्य मुख्य समस्याहरु यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- आवश्यक दरबन्दी एंव जिम्मेवारी अनुसारको कर्मचारी नहुनु ।
- कर्मचारीको सरुवा तथा पद रिक्तता बढी समयसम्म रहनु ।
- कर्मचारीको फेरबदलका कारण आवश्यक अभिलेख चुस्त दुरुस्त बनाउन नसकिनु ।
- वडा कार्यालयमा दरबन्दि अनुसारको निजमति सेवा प्रशासन समुहको सचिव उपलब्ध नहुनु ।
- उपभोक्ता समुहलाई अनुशिक्षण नगरिएकाले समितिका पदाधिकारीहरु प्रक्रियाको बारेमा अनभिज्ञ हुनु ।
- आवाधिक योजना र गाउँपालिका स्तरीय पार्श्वचित्रको अभावमा दिगो योजना तर्जुमा हुन नसक्नु ।
- वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउनु नसकिनु ।
- योजना एंव बजेटको कार्यान्वयन करिब ९५ प्रतिशत भन्दा बढी भए पनि सोही अनुपातमा आय वा राजश्व संकलन गर्न नसक्नु ।
- उपलब्ध अन्य स्रोतलाई समेत करको दायरामा समाहित गर्न नसकिनु ।
- कर्मचारीको सरुवा छिटो छिटो हुनु ।
- कार्यालयको लागि आवश्यक भवन र फाँटहरु व्यवस्थित गर्न नसकिनु ।
- विषयगत शाखाका कामकारबाहीलाई व्यवस्थित र नियमित गर्न नसकिनु ।
- आई एन जि ओ र एन जि ओका कार्यक्रमहरु आफुखुशी रुपमा परिचालित हुनु ।

**६) समस्या समाधानका उपायहरु**

उल्लेखित समस्या समाधानको लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गर्न सकिन्छ :

- आवश्यक दरबन्दी र जिम्मेवारी सहितको कर्मचारी तुरुन्त व्यवस्थापनको लागि संघीय एंव प्रदेश सरकार समक्ष ध्यानकर्षण गराउने ।
- कर्मचारीको सरुवा एंव पदरिक्त हुने प्रणालीलाई निरुत्साहित गर्न कार्यवातावरणमा सूधार गरी नितीगत निर्णयको लागि तालुक निकायमा लेखी पठाउने ।
- वडा कार्यालयहरुमा दरबन्दि अनुसारको सचिव यथाशिघ्र परिपुर्तिको लागि तालुक निकायमा लेखी पठाउने ।
- आवाधिक योजना र गाउँपालिका स्तरीय पार्श्वचित्रको निर्माण गरेर मात्र विकास निर्माणका क्रियाकलाप शुरु गर्नुपर्ने ।
- उपभोक्ता समितिलाई योजना कार्यान्वयन पुर्व तालिम एंव अभिमुखीकरण अनिवार्य गर्ने ।

- गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना मैत्री, प्रविधियूक्त,स्रोत साधन र सामाग्री मैत्री बनाई नागरिकमुखी सेवामा जोडदिने ।
- आर्थिक ऐनमा निर्दश भए अनुसार उपलब्ध सम्पुर्ण स्रोत एंव क्षेत्रलाई करको दायरामा लिई राजश्व संकलन गर्नको लागि राजश्व सम्बन्धि जनचेतना विस्तार गर्ने ।
- वडा कार्यालय तथा गाउँपालिकाको लागि आवश्यक अन्य भवन व्यवस्था गरी सम्पूर्ण फाँटको जिम्मेवारी यकिन गर्ने र सोही अनुसार काममा लगाउने ।
- विषयगत शाखा तथा ईकाईहरुका कामकारबाहीलाई कार्यपालिकाको दायरामा ल्याई कडाईका साथ दण्ड र पुरुस्कारको व्यवस्था गर्ने ।
- एन जि ओ तथा आई एन जि ओ हरुका सम्पुर्ण काम कारबाहीलाई कार्यपालिकाको स्वीकृति लिएर एक द्धार प्रणाली मार्फत गर्ने गराउने ।

७) निर्ष्कश:

सार्वभौम जनताले आफ्नो अधिकारको प्रयोग स्थानीय सरकार मार्फत गर्न पाउनु लोकतन्त्रको आधारभुत शिद्धान्त हो । स्थानीय सरकारलाई पुजीँ, प्रविधि, सिप, जनशक्ति र स्रोतसाधनयूक्त बनाउन जरुरी छ । नागरिक मैत्री, सुशासनयुक्त, भ्रष्टाचार विहिन,पारदर्शी र जबाफदेही सेवा प्रवाहको लागि माथि उल्लेखित समस्या समाधानका उपायहरुलाई रणनैतिक हतियारको रुपमा प्रयोग गर्न सके यस गाउँपालिकालाई  समृद्ध र अब्बल गाउँपालिकाको सूचिमा दर्ज गर्न सकिन्छ ।

अन्त्यमा , यस सम्मानित कार्यपालिकामा आफ्नो प्रतिवेदन पेश गर्ने अनुमति दिनुभएकोमा यहाँहरु सबैलाई धन्यााद दिन चाहान्छु ।

**धन्यवाद ।**

**जय नौबहिनी, हाम्रो नौबहिनी , राम्रो नौबहिनी ।**